Panauti Journal
Volume 2, 2024
DOI: https://doi.org/10.3126/panauti.v2i1.66602 ISSN: 2990-7888 (Print), 2990-7896 (Online)

# अनुसन्धानात्मक लेखसारको प्राज्ञिक विश्लेषण

**शक्तिराज नेपाल[१]***

*१. उपप्राध्यापक, नेपाली शिक्षा, त्रिवि*

## सार

अनुसन्धानात्मक लेखमा प्रस्तुत गरिने लेखसारको प्राज्ञिक विश्लेषणमा प्रस्तुत लेख केन्द्रित छ । अनुसन्धानात्मक लेखसारको प्राज्ञिक पक्ष कस्तो रहेको छ भन्ने समस्यामा आधारित भई उक्त समस्याअनुरूप लेखसारको संरचक तत्त्वका आधारमा विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । यस लेखमा गुणात्मक र परिमाणात्मक गरी दुवै प्रकारका अनुसन्धानात्मक लेखका सारको संरचनागत तत्त्वका आधारमा विश्लेषण गरिएको छ । लेखसारलाई कतिपय अनुसन्धानमा समग्र अनुसन्धानको सारांशका रूपमा प्रस्तुत गरिएको पनि पाइन्छ । अनुसन्धानात्मक लेखको आफ्नै संरचना र मान्यता छ। वर्णनात्मक दार्शनिक आधारको गुणात्मक अध्ययन पद्धतिमा आधारित प्रस्तुत लेखमा पुस्तकालयीय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । नेप्जोलमा प्रकाशित विज्ञसमीक्षित लेखहरूमध्ये नेपाली भाषाशिक्षणसँग सम्बन्ध भएका जम्मा पाँचवटा लेखलाई सोद्देश्यमूलक नमुनाछनोट पद्धतिका आधारमा छानिएको छ । त्यसरी छानिएका तथ्याङ्कलाई विषयवस्तु विश्लेषण गर्ने मान्यताका आधारमा र लेखसारको संरचक तत्त्वको कोडका आधारमा विश्लेषण गरिएको छ । नेपालको चलनचल्तीमा भएका लेखसार परम्परा र यसको सैद्धान्तिक मान्यतालाई प्रमुख आधार बनाई लेखिएका लेखसार मध्ये गुणात्मक अनुसन्धानको मान्यताअनुरूप लेखिएका लेखका सारहरू औसत प्रकृतिका देखिएका छन् भने लेखसारको सर्वव्यापी मान्यतालाई अपनाइएका लेखसार कमै पाइएका छन् । अधिकांश लेखसारहरू सूचनात्मक प्रकृतिका छन् । विषयवस्तुको विश्लेषण गर्नमा नै केन्द्रित भएका लेखसारले समग्र अनुसन्धानको झलक प्रस्तुत गर्न सकेका छैनन् तथा व्याख्यात्मक लेखसारले पनि विषयपरिचय, अध्ययन पक्ष र नतिजा प्रस्तुतिमा मात्र जोड दिएका छन्। लेखसार र सूचक शब्दको अन्योन्याश्रित सम्बन्ध हुन्छ । त्यस सम्बन्धलाई तथ्याङ्कले औसत रूपमा मात्र सम्बोधन गरेको र सूचक शब्दको क्रमागत प्रस्तुतिमा भने प्रत्यक्ष सम्बन्ध रहेको पाइए तापनि सूचक शब्द र लेखसारका बिच मध्यम स्तरको सम्बन्ध रहेको पाइएको छ । तसर्थ प्राज्ञिक लेखनको मान्यताअनुरूप लेखसारहरू लेखिने भएकाले अनुसन्धानका क्षेत्रमा यस लेखको उपयोगिता रहेको देखिएको छ ।

**विशेष शब्द:** अध्ययनको कारण, अध्ययनविधि, उपयोगिता, निष्कर्ष, प्राथमिकता

| Manuscript Received | Final Revision | Accepted |
|---|---|---|
| 29 January, 2024 | 21 April, 2024 | 8 May, 2024 |

*Corresponding author; S. Nepal (snepal758@gmail.com)

© Authors; Published by Panauti Journal and peer-review under the responsibility of Indeshwor Campus.
Licensed under CREATIVE-COMMONS license CC-BY-NC 4.0

## १. विषयपरिचय

लेखसारलाई अनुसन्धानात्मक लेखको समष्टिगत झलकका रूपमा लिइन्छ । यसलाई अनुसन्धानात्मक कामको एक सारांशका रूपमा प्रयोग गरिन्छ । अझ प्राज्ञिक लेखनका लागि त यो एक अनिवार्य अङ्ग हो । यदि अनुसन्धानमा लेखसार अनिवार्य छ भने, यसलाई अनिवार्य र औपचारिक रूपमा मूल्याङ्कन गर्न सकिँदैन (बिगम, सन् २००८, पृ. १६२) । यसलाई अनुसन्धानबाट छुट्टै राखेर औपचारिक ढङ्गले अध्ययन गर्न सकिँदैन । यसको अध्ययनका लागि अनुसन्धानात्मक कार्य पनि सँगसँगै रहनुपर्दछ । यस खण्डले अनुसन्धान शोधका लागि एउटा सार लेख्नु आवश्यक छ भनी मान्दछ । लेखसार मूल्याङ्कनयोग्य छ, अनुसन्धानात्मक कार्य र सारलाई छुट्टाछुट्टै राखेर मूल्याङ्कन गर्न सकिँदैन । यसको मान्यता विश्वविद्यालय वा अनुसन्धान गराउने संस्थाअनुरूप फरकफरक हुन पनि सक्दछ । यसलाई प्रस्तुत गरेपछि कुनै पनि अनुसन्धानात्मक कार्यको पठनका लागि पाठकले पूरै कार्यको अध्ययन गरिरहनुपर्दैन । सारको अध्ययनपश्चात् अध्ययनको कारण, विधि, निष्कर्ष तथा उपयोगिता वा सान्दर्भिकतासमेत जान्ने मौका पाउने भएकाले यसलाई अनुसन्धानात्मक कार्यको अनिवार्य र व्यवस्थित अङ्गका रूपमा अपनाइन्छ । औपचारिक रूपमा प्रस्तुत नगरिए तापनि यसलाई शीर्षक र कृतज्ञताज्ञापनपछि राखिन्छ । यसले अनुसन्धानको समग्र पक्षको प्रमाण पनि प्रस्तुत गर्नुपर्छ ।

लेखसारलाई लेखको प्रभावक तत्त्वका रूपमा पनि लिइन्छ । अनुसन्धानात्मक कार्यको पठनका लागि पाठकलाई सुरुमा नै राम्रो र सकारात्मक प्रभाव पार्नका लागि लेखसारलाई व्यवस्थित, प्रस्ट र छोटो रूपमा प्रस्तुत गर्नुपर्छ (वालवर्क, सन् २०११, पृ. १७७) । अयस सारलाई पढिसकेपछि पाठकलाई अन्य सामग्री पनि पढौँपढौँ लागोस् भन्ने मान्यता राखिन्छ । ढाँचाका आधारमा यस्ता सारहरू चारप्रकारका पाइन्छन् : असंरचित सार, संरचित सार, विस्तारित सार र सभासमारोह सार (वालवर्क, सन् २०११, पृ. १७९) भने सूचनाका आधारमा लेखसारहरू दुई प्रकारका हुन्छन् : व्याख्यात्मक र सूचनात्मक । यद्यपि कस्तो सारको संरचना तयार पार्ने कुरा भने यसको जर्नल तथा लेखकलाई दिइएको निर्देशनमा भर पर्दछ ।

विभिन्न क्षेत्रअनुसार लेखसारको प्रकृति पनि फरकफरक हुन्छ । त्यसैले पनि यसलाई चिनाउँदै बुथ र अन्यले यस प्रकार उल्लेख गरेका छन् :

> सार एउटा अनुच्छेद हो, जसले पाठकलाई उनीहरूले प्रतिवेदन, लेख वा अध्ययनमा के फेला पार्नेछन् भन्ने बताउँछ । यो परिचयभन्दा छोटो हुनुपर्छ तर तीन कुरालाई समेट्ने खालको हुनुपर्छ, जुन कुरालाई परिचय शीर्षकले समेट्छ :
>
> - अनुसन्धान समस्याको प्रस्तुति,
> - मुख्य विषयवस्तुको घोषणा,
> - अनुसन्धानको मुख्य पक्ष वा प्रक्षेपण बिन्दु बताउँदै सोही मुख्य पक्षको अनुमान
>
> (सन् २०१६, पृ.१९७)

लेखसारहरू विभिन्न प्रकृतिका भए तापनि यसमा समेटिने पक्षमा भने समानता पाइन्छ । यसैगरी समस्या, समग्र प्राप्ति वा निष्कर्षलाई भने हरेक सारहरूले समेटेको पाइन्छ । विधाअनुरूप फरक संरचना पाइए तापनि यसमा शीर्षकको सन्दर्भ, समस्या, कारण, प्रस्तुत गर्न खोजिएको पक्ष जस्ता कुरालाई भने प्राज्ञिक

ढङ्गले प्रस्तुत गरिएको हुन्छ । कतिपय ठाउँमा सारांश र सारलाई एकै अर्थमा प्रस्तुत गर्ने गरिएको पाइन्छ । तर यी दुवैका बिचमा भिन्नता पाइन्छ । सारांशले पनि सन्दर्भ र समस्यालाई जोडेको हुन्छ । सारांशले समग्र कार्यको तार्किकता तथा प्रमाणलाई प्रस्तुत गर्न खोज्छ भने सारले जोड गरिएको विषय र विधिलाई नछुटाइकन प्रस्तुत गर्छ (बुथ र अन्य, सन् २०१६, पृ. १९८) । यसरी सारलाई सन्दर्भसँग जोडिराख्नका लागि सूचक शब्दलाई पनि विशेष शब्दवलीका रूपमा राखिएको हुन्छ ।

अनुसन्धानमा प्रस्तुत गरिएको विषयवस्तुको सारका रूपमा लेखसारलाई लिइन्छ । यसले अध्ययनकै सारलाई प्रस्तुत गरी पाठकलाई विषयको महत्त्वपूर्ण पक्षको पहिचान गर्नका लागि सजिलो बनाइदिन्छ (क्रस्वेल र क्रस्वेल, सन् २०२३, पृ. १०९) । यसलाई अध्ययनको सुरुवातमै राखिने भएकाले समग्र अध्ययनको जोड दियाइ (Highlight) का रूपमा पनि लिने गरिएको छ । साथै एपिए सातौँ संस्क.(सन् २०२०) ले पनि उल्लेख गरेअनुसार सारलेखन भनेको समग्र अध्ययनलाई समेट्ने महत्त्वपूर्ण एक अनुच्छेद हो, यो प्रस्ट, मूल्याङ्कनविहीना, संसक्त, पठनीय र सङ्क्षिप्त प्रकृतिको हुन्छ । यसको संरचनामा फरकफरक मत देखिए तापनि यसमा समेटिने महत्त्वपूर्ण पक्षका बारेमा भने विद्वानहरूका बिचमा समानता पाइन्छ। एपिए सातौँ संस्क(सन् २०२०) ले यसको संरचनाका बारेमा उल्लेख गरेअनुसार यसको लम्बाइ बढीमा २५० शब्दसम्मको हुन्छ । यद्यपि अनुभवजन्य लेखका लागि यस संरचनाको मान्यतालाई मान्न सकिने पनि बताइएको छ ।

अनुसन्धानात्मक लेख र अनुसन्धान प्रतिवेदनको संरचना फरकफरक भए तापनि यिनीहरूले समेट्ने कुरामा समानता नै चाहिन्छ । सिङ्गो शोधपत्रको अध्ययन गर्न पाठकलाई बढी समय लाग्ने भएकाले छोटो समयमा नै अध्ययनका सारभूत कुरा पुर्‍याउन शोधसारको भूमिका महत्त्वपूर्ण रहन्छ (भण्डारी र अन्य, २०७६, पृ. ११३) । लेखसारको सुन्दरताका लागि पनि यसको महत्त्वपूर्ण भूमिका रहेको ठानिन्छ । यसको प्रकारअनुरूप यसको संरचना तथा शब्द सङ्ख्यामा भिन्नता पाइन्छ । सामान्यतः अनुसन्धानको सार सङ्क्षेपलाई १५० देखि २५० शब्दमा अत्यन्तै स्पष्ट र सटिक रूपमा उल्लेख गर्नुपर्दछ (खनाल, २०६५, पृ. २३९) । धेरैजसो लेखमा सार सङ्क्षेपकै रूपमा लेखसारलाई प्रयोग गरिएको पाइन्छ । समग्र लेख तथा शोधको बोधका लागि सूत्रात्मक रूपमा प्रस्तुत गरिने अनुसन्धानात्मक कार्यको बीज वा थिमलाई सारका रूपमा प्रस्तुत गर्ने कुरामा समानता देखिएको छ ।

प्राज्ञिक लेखनका अनेकौँ पक्षमध्ये लेखसारको ढाँचामा विविधता रहेको पाइन्छ। प्राज्ञिक मान्यताअनुरूपको संरचनाका बारेमा अनुसन्धाताअनुसार फरकफरक प्रयोग रहेको देखिन्छ। उक्त अवस्थालाई समस्याका रूपमा लिई उक्त विविधतालाई एकरूपतामा ल्याउने उद्देश्यस्वरूप यो लेख तयार पारिएको हो । यस प्रकारको लेखसारसम्बन्धी प्राज्ञिक विश्लेषण कार्य पर्याप्त नभएकाले प्रस्तुत अध्ययनको सान्दर्भिकता देखिन्छ । अनुसन्धानात्मक लेखको समग्र पक्षको अध्ययन गर्न नसक्नुयस लेख्को सीमाका रूपमा लिइएको छ । साथै नेप्जोलमा प्रकाशित भएका सामग्रीको अध्ययनमा पर्याप्त मात्रामा चासो दिएको नपाइएकाले उक्त रिक्तता पूरा गर्नका लागि प्रस्तुत अध्ययन गरिएको हो । यस लेखमा समेटिएका लेखसारको विश्लेषणपश्चात् यसको लेखाइ तथा प्रयोग गराइमा एकरूपता ल्याउनका लागि यस लेखको सान्दर्भिकता तथा उपयोगिता रहने देखिन्छ ।

## २· पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

प्रस्तुत लेखको तयार पार्नका लागि विभिन्न खालका पूर्वकार्यका सामग्रीको अध्ययन गरिएको छ। ती सामग्रीलाई यहाँ प्रस्तुत गरिएको छः

सिरिसिला (सन् २०२३) ले एउटा अनुसन्धानात्मक लेखमा लेखसारको भूमिकाका बारे चर्चा गरेकी छिन्। उनले अनुसन्धानात्मक कार्यमा एकल अनुच्छेदमा बढीमा २५० शब्दसम्मको संरचनामा लेखिने अनुसन्धानात्मक सारलाई लेखसारका रूपमा प्रस्तुत गर्दै कार्यको सङ्क्षिप्त प्रस्तुति दिने अनुसन्धान आमुखका रूपमा उल्लेख गरेकी छन्। अनुसन्धानका क्षेत्रमा गहन रूपले अध्ययन गर्ने अध्येताका लागि अनुसन्धानात्मक कार्यको मुख्य उपलब्धि तथा निष्कर्ष थाहा पाउनका लागि सहयोग पुर्‍याउने अनुसन्धानात्मक कार्यको सूत्रका रूपमा प्रस्तुत गरिने भएकाले अनुसन्धानात्मक कार्यमा लेखसारको अत्यावश्यक भूमिका रहने उल्लेख गरिएको छ। कुलम्यान (सन् २०१०) ले लेखसारको परिचय, महत्त्व, लेखसारको संरचना, यसका तत्त्व, यसको आवश्यकता, प्रकार र नमुनाको चर्चा गरेका छन्। उनको चर्चामा लेखसार लेखनमा अनुसन्धानात्मक लेखको कारण, समस्या, अध्ययनविधि, नतिजा तथा उपयोगितालाई समेट्नुपर्ने कुरा उल्लेख गरेका छन्। व्याख्यात्मक लेखसारमा भने बढीमा १०० शब्दसम्मलाई संरचित गरिन्छ। अनुसन्धानको अनिवार्य अङ्ग भएकाले यसलाई अनुसन्धानात्मक कार्यको छोटो र सङ्क्षिप्त स्वरूपमा प्रस्तुत गरिएको छ। त्यसैगरी रुसो (सन् २०२०) ले सामान्यतः १०० देखि ३०० शब्दसम्मको संरचनामा तयार पारिने प्राज्ञिक लेखनका रूपमा लेखसारलाई प्रस्तुत गरेका छन्। र्‍यान (सन् २०२३) ले पनि लेखसारलाई अनुसन्धान जस्तो लामो संरचनाका कार्यको छोटो सारांशका रूपमा प्रस्तुत गरेका छन्। साथै अनुसन्धानात्मक कार्यको उद्देश्य र नतिजालाई समेटिएको अनुसन्धानात्मक कार्यको झलकका रूपमा उल्लेख गरी उनले लेखसारमा समेट्नैपर्ने अङ्गका रूपमा परिचय, विधि, नतिजा र व्याख्या वा छलफललाई प्रस्तुत गरेका छन्। यसको संरचनामा उनले सामान्यत : १०० देखि ३०० शब्दसम्मको संयोजन रहनसक्ने कुराको चर्चा गरेका छन्।

तसर्थ लेखसारलाई अनुसन्धानात्मक कार्यको अनिवार्य अङ्गका रूपमा चर्चा गरिएका विभिन्न अनुभवजन्य तथा सैद्धान्तिक सामग्रीले पनि उल्लेख गरेका छन्। यसले समग्र अनुसन्धानात्मक कार्यको सङ्क्षिप्त झलक दिने र अध्येताका लागि पनि अनुसन्धानको एउटा अवधारणात्मक फोटो प्रदान गर्दछ। तसर्थ प्रस्तुत पूर्वकार्यका सामग्रीले लेखसारको संरचना तथा विश्लेषणको अवधारणात्मक ढाँचा तयार पार्न सहयोग पुर्‍याउने भएकाले माथि प्रस्तुत सामग्रीहरू यस अध्ययनमा उपयोगी रहेका छन्।


### २१· सैद्धान्तिक अवधारणा

अनुसन्धानात्मक लेखसारलाई अनुसन्धानात्मक कार्यको सङ्क्षिप्त झलकका रूपमा प्रस्तुत गरिन्छ। नेपाली भाषिक अनुसन्धानका सन्दर्भमा गरिने तथा लेखिने अनुसन्धानमा पनि शोध तथा लेखसारको प्रयोग अनिवार्य रहेको छ। जुनसुकै अनुसन्धानात्मक कार्यको आमुखका रूपमा शोधभन्दा अगाडि प्रस्तुत गरिने लेखसारलाई पाठककेन्द्रित तत्त्व मानिन्छ। समग्र शोधमा हुने र भएका कार्यलाई तत्त्वका आधारमा नै यसलाई संरचित गरिन्छ। अनुसन्धानको प्रकृतिका आधारमा अध्ययनको क्षेत्र, समस्या, उद्देश्य, विधि,

नतिजा र उपयोगितालाई सङ्क्षेपमा प्रस्तुत गरी लेखसार तयार गरिन्छ । यसमा १०० देखि ३०० सम्मका शब्दको संयोजन गरिएको अभ्यासले नै मान्यता पाएको छ । अनुसन्धानात्मक कार्यमा महत्त्वपूर्ण शब्दको भूमिका भए झैँ लेखसारमा पनि त्यस्तै बीज शब्दहरू हुन्छन्, जुन शब्दले अनुसन्धानको शीर्षक तथा लेखसारमा पनि पुनरावृत्त भई महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् (वालवर्क, सन् २०११, पृ. १९०) । तिनै बीज शब्दकै वरिपरि अनुसन्धान घुमेको हुन्छ । तथा, पाठकले पनि त्यस्तै विशेष शब्दको खोजी गरिरहेको हुन्छ । सामान्यत : जर्नलका लेखमा चार वा पाँचवटा प्राज्ञिक प्रकृतिका शब्दको सूची पनि लेखसारमै जोडिन्छ (वालवर्क, सन् २०११, पृ. १९१) । तसर्थ अनुसन्धानका क्रममा लेखसारलाई कसरी संरचित गर्ने भन्ने कुरा पूर्वकार्यको समीक्षाका आधारमा पनि व्यवस्थित गर्न सकिन्छ ।

## २.२ अवधारणात्मक ढाँचा

अध्ययनलाई सङ्गठित, व्यवस्थित र प्राज्ञिक बनाउनका लागि अवधारणात्मक ढाँचालाई प्रस्तुत गरिन्छ । अवधारणात्मक ढाँचाले समग्र अध्ययनको शीर्षक, अध्ययनको आधार, अध्ययनको दार्शनिक पक्ष, अध्ययनको ढाँचा तथा विधि, अध्ययनीय वस्तु र विश्लेषणको आधारलाई प्रस्तुत गर्दछ । यसलाई अध्ययनको छायाँचित्रका रूपमा पनि प्रस्तुत गरिएको पाइन्छ । यस लेखमा पनि माथि प्रस्तुत गरिएका पूर्वकार्यमा आएका मान्यताका आधारमा अवधारणात्मक ढाँचाको निर्माण गरिएको छ :



## ३ अध्ययनविधि


वर्णनात्मक दार्शनिक आधार (Interprevist paradigm) मा आधारित यस अध्ययनमा गुणात्मक अध्ययन पद्धतिलाई अपनाइएको छ । घटना अध्ययन (Case study) विधि वा ढाँचाको मान्यताअनुसार अनुसन्धानात्मक लेखको कुनै एक तर महत्त्वपूर्ण अङ्ग वा एकाइको रूपमा लेखसारको गहन अध्ययन गरिएको छ (खनाल, २०७३, पृ. १३५) । सोद्देश्यमूलक रूपमा नेप्जोलमा प्रकाशित जम्मा पाँचवटा विज्ञसमीक्षित लेखलाई मात्र छनोट गरी उक्त लेखसारको अवधारणात्मक अध्ययनपश्चात् तत्त्वगत विश्लेषण गरिएको छ । प्राज्ञिक लेखनको मान्यताअनुसार लेखसारमा प्रयोग गरिने प्राज्ञिक शब्द, आवृत्तिजन्य पदावली तथा निर्धारित ढाँचामा आधारित भई ती लेखसारहरूमाथि छलफल गरिएको छ । सामग्रीका विषयवस्तुको विश्लेषण गर्ने अवधारणात्मक विश्लेषणलाई यस लेखको विश्लेषणात्मक आधार बनाइएको छ । उक्त मान्यताअनुसार लेखसारको जोड दियाइ, उद्देश्य, समस्या, विधि, निष्कर्ष, उपयो गितालाई विश्लेषणको तत्त्व बनाई सम्बद्ध लेखसारलाई थिमका आधारमा छुट्याएपछि क्रमशः विश्लेषण गरिएको छ । छानिएका जर्नल तथा लेखका अनुसन्धाताको नामलाई गोप्य राखी लेखको शीर्षक, लेखसार र सूचक शब्दलाई मात्र विश्लेष्य रूपमा प्रस्तुत गरी सामग्रीको प्राज्ञिक निष्कर्ष निकालिएको छ ।

## ४. व्याख्या तथा छलफल

प्रस्तुत लेखमा नेप्जोलमा प्रकाशित भएका विज्ञसमीक्षित अनुसन्धानात्मक लेखलाई प्राज्ञिक मान्यताका आधारमा विश्लेषण गरिएको छ । विभिन्न अनुसन्धाताले तयार पारेका गुणात्मक तथा परिमाणात्मक प्रकृतिका लेखलाई प्रस्तुत गरी लेखसारका अनिवार्य तत्त्व र थिमका आधारमा विश्लेषण गरिएको छः

### ४.१. व्याख्यात्मक तथा सूचनात्मक लेखसार

अनुसन्धानको प्रकृतिअनुसार यसका प्रवृत्तिको चर्चा गरिन्छ । यद्यपि यस लेखको उद्देश्यअनुसार गुणात्मक पद्धतिको लेखका सारको प्रवृत्ति खोज्ने क्रममा व्याख्यात्मक तथा सूचनात्मक लेखसारको विश्लेषण गरिएको छः


**बहुभाषिक कक्षामा नेपाली शिक्षण : समस्या र समाधान**


**सार-** *प्रस्तुत लेख बहुभाषिक कक्षामा नेपाली भाषा शिक्षण गर्दा आइपर्ने समस्या र समाधानमा केन्द्रित छ । यसका लागि पुस्तकालयीय विधिबाट द्वितीय स्रोतका सामग्री सङ्कलन गरी तिनको अध्ययन विश्लेषणका साथ निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । विविध मातृभाषी भएका विद्यार्थीहरूको कक्षा बहुभाषिक कक्षा हो । नेपाल बहुभाषी र बहुजाति मुलुक भएका कारण नेपालका ग्रामीणभन्दा सहरी क्षेत्रमा बहुभाषिक कक्षा बढी देखिन्छन् । यस्तो कक्षामा नेपाली भाषा शिक्षण चुनौतीपूर्ण हुन्छ । नेपाली भाषाको भाषिक वातावरण प्राप्त नगरेका विद्यार्थीहरूमा सम्प्रेषणीयताको अभाव हुनु, कक्षामा शिक्षकले प्रयोग गर्ने नेपाली भाषा कसैका लागि अति सरल र कसैका लागि कठिन अनुभव हुनु, सबै विद्यार्थीको मातृभाषासम्म शिक्षकको पहुँच नहुनु जस्ता समस्या बहुभाषिक कक्षामा नेपाली शिक्षण गर्दा आइपर्छन् भने भाषिक पृष्ठभूमि र क्षमताका आधारमा विद्यार्थीलाई वर्गीकरण गरी सोही अनुसारका शिक्षण सामग्री, विधि तथा पाठ्यवस्तु प्रयोगका साथ उत्प्रेरणा र सबलीकरणका माध्यमबाट बहुभाषिक कक्षामा नेपाली शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ ।*

**मुख्य शब्दहरू :** बहुभाषिक कक्षा, सम्प्रेषणीयता, मातृभाषा, प्रत्यक्ष विधि, श्रुतिभाषिक पद्धति ।

माथि प्रस्तुत गरिएको लेखसार बहुभाषिक कक्षामा नेपाली शिक्षण : समस्या र समाधान नामक लेखसँग सम्बन्धित छ । गुणात्मक प्रकृतिको उक्त लेखमा जम्मा १२६ शब्दको सार र आठ शब्दको सूचीलाई प्रस्तुत गरिएको छ । उक्त लेखसारले विषयगत रूपमा नेपाली भाषा शिक्षण गर्दा कक्षामा आइपर्ने बहुभाषिक समस्या र त्यसको समाधान गर्ने सैद्धान्तिक मान्यतालाई प्रस्तुत गरेको छ । लेखले जोड दिएको पक्ष र अध्ययनको स्रोतलाई बढी मात्रामा प्रस्तुत गरिएको उक्त लेखमा नतिजालाई पनि विषयसँग जोडेर प्रस्तुत गरिएको छ । प्राज्ञिक लेखनको मान्यताअनुरूप यसको संरचना र अङ्गको संयोजनका लागि अभ्यास गरिएको देखिए तापनि अध्ययन कुन समस्यामा केन्द्रित छ, यसको उद्देश्य के हो, यसको उपयोगिता तथा योगदानका विषयलाई सम्बोधन गर्न सकिएको छैन । यस लेखमा प्रस्तुत गरिएका लेखसारसम्बन्धी मान्यता र प्राज्ञिक लेखनका आधारमा जम्मा पाँचवटा तत्त्वलाई प्रस्तुत गर्नुपर्छ : अध्ययनको मुख्य पक्ष, अध्ययनको समस्या र उद्देश्य, अध्ययनविधि, नतिजा र उपयोगिता । यस लेखसारले अध्ययनको पक्ष र सामग्रीको स्रोत तथा नतिजालाई मात्र समेटेको छ । साथै प्राज्ञिक मान्यताअनुसार चार वा पाँच शब्दसूची राख्नुपर्छ । यस लेखमा आठ शब्दको सूची राखिएको र ती शब्दलाई पनि क्रममा राखिएको पाइँदैन । तसर्थ, प्राज्ञिक लेखनको मान्यताका आधारमा प्रस्तुत लेख औसत स्तरको देखिन्छ ।

## ४.२ व्याख्यात्मक तथा गुणात्मक लेखसार

प्राज्ञिक लेखनले हरेक लेखनको वस्तुगत ढाँचाको अपेक्षा गर्दछ । उक्त ढाँचाभित्र संरचित लेखमात्रै प्राज्ञिक बन्न सक्ने भएकाले यस लेखमा पनि अनुसन्धानात्मक लेखको व्याख्यात्मक सारको प्राज्ञिक पक्ष खोजिएको छ ।



**लेख्य चिन्हको परिचय, प्रयोग, प्रकार, शिक्षणका प्रयोजन र कार्यकलाप**

**सार**

*कथ्य भाषालाई लिपिका माध्यबाट प्रस्तुत गर्ने पद्धति नै लेखन पद्धति हो । भाषिक लेखनमा प्रयोगमा आउने चिन्हहरूलाई लेख्यचिन्ह भनिन्छ । यसमा स्वर र व्यञ्जन वर्ण बाहेकका चिन्हहरू पर्दछन् । यस्ता चिन्हहरू मध्ये केहीले वाक्यभित्रका शब्दशब्दका बीचको र वाक्यका अन्त्यको अडानलाई बुझाउने हुँदा यसलाई विरामचिन्ह पनि भनिन्छ । कार्यका आधारमा लेख्यचिन्हहरू विराम र विरामेतर गरी दुई प्रकारका हुन्छन् । यस्ता चिन्हहरूले भाषिक अभिव्यक्तिलाई शुद्ध र स्तरीय बनाउन, सरल, सहज र बोधगम्य बनाउन, लेखनलाई स्पष्ट, सान्दर्भिक र सार्थक बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसका लागि लेख्यचिन्हको उचित र सान्दर्भिक प्रयोगमा ध्यान पुऱ्याउनु पर्दछ । लेख्यचिन्हको मुख्य प्रयोजन लेखन सीपको विकास गर्नु हो । तल्लै कक्षादेखि लेख्यचिन्हको शिक्षण व्यावहारिक र प्रयोगात्मक ढङ्गले गर्न सकेमा भाषिक अभिव्यक्ति सबल, सार्थक र सम्प्रेषणीय बन्दछ । लेखाइका क्रममा लेख्यचिन्हको उचित प्रयोग गरी भाषाको शुद्ध प्रयोग गर्न सक्ने बनाउनु, लेख्यचिन्हको महत्त्व बारे जानकारी गराउनु, स्तरीय मानक भाषा प्रयोग सीप विकास गराउनु, सन्दर्भ र प्रसङ्ग अनुसार लेख्यचिन्ह प्रयोग क्षमता अभिवृद्धि गर्ने प्रयोजनार्थ लेख्यचिन्हको शिक्षण गरिन्छ । पद्यका तुलनामा गद्यमा धेरै चिन्हविधानको आवश्यकता पर्दछ । नेपाली भाषिक लेखनमा अत्याधिक प्रयोग हुने लेख्यचिन्हहरूमा अल्पविराम, अर्धविराम, पूर्णविराम, प्रश्न, उद्गार, सापेक्षविराम, योजक, निर्देशक, उद्धरण, तिर्यक् आदि पर्दछन् ।*

**मुख्य शब्दावली:** लेख्यचिन्ह, महत्त्व, प्रयोग, प्रकार, शिक्षण र कार्यकलाप




माथि प्रस्तुत गरिएको लेखसार लेख्य चिन्हको परिचय, प्रयोग, प्रकार, शिक्षणका प्रयोजन र कार्यकलाप नामक लेखमा आधारित छ । उक्त लेख गुणात्मक प्रकृतिको देखिएको छ । अनुसन्धानको इटिक दृष्टिकोण

(बन्धु, २०७५, पृ. ७४) का आधारमा हेर्दा यस लेखमा पाँचवटा चर रहेका देखिन्छन् : परिचय, प्रयोग, प्रकार, प्रयोजन र कार्यकलाप । उक्त लेखमा अनुसन्धाताको इमिक विश्लेषण हुनु अपेक्षित छ । जम्मा १६३ शब्दको सार र छ शब्दको सूचक शब्दको प्रयोग गरिएको उक्त लेखमा व्याख्यात्मक लेखसारको पद्धतिलाई अपनाएको पाइन्छ । व्याख्यात्मक लेखसारको मान्यताअनुसार शब्द सङ्ख्याका दृष्टिले उत्तम देखिन्छ । साथै अध्ययनको मुख्य पक्षलाई सैद्धान्तिक रूपमा प्रस्तुत गरिएको उक्त लेख लेख्य चिन्हका बारेमा सूचना दिनमा केन्द्रित छ । प्राज्ञिक लेखनको मान्यताअनुसार निर्धारित ढाँचामा लेखिएका सामग्रीमात्र प्राज्ञिक बन्दछन् । प्रस्तुत लेखमा अध्ययन समस्या, अध्ययनविधि, निष्कर्ष तथा उपयोगितालाई प्रस्ट रूपमा ढाँचाबद्ध गरिएको छैन । अध्ययनको मुख्य पक्ष, अध्ययनको समस्या र उद्देश्य तथा अध्ययनविधि, नतिजा र उपयोगिता गरी जम्मा पाँचवटा तत्वको अनिवार्य संयोजन गरिनुपर्नेमा प्रस्तुत लेखले मुख्य पक्ष र निष्कर्षलाई मात्र विषयगत रूपमा देखाउने प्रयास गरेको देखिन्छ । शब्दसूचीका सन्दर्भमा पनि वालवर्क (सन् २०११) का अनुसार चार वा पाँचवटा शब्द हुनु उपयुक्त हुन्छ । यस लेखमा छवटा शब्दको भग्नक्रमको सूची निर्माण गरी प्रस्तुत गरिएको छ । तसर्थ, प्राज्ञिक लेखनको मान्यताका आधारमा यस लेखलाई औसत प्रकृतिको लेखसारका रूपमा चिनाउन सकिन्छ ।

## ४.३ प्राज्ञिक भाषा र गुणात्मक लेखसार

अनुसन्धान आफैंमा व्यवस्थित कार्य हो । अनुसन्धानको अर्थ, परिचय, प्रकार, विधि तथा कार्यका सन्दर्भमा हरेक विद्वानका बिच मत मिल्दैन । अनुसन्धानको आधारभूत कुरामा भने सबै विद्वानका बिच एकमत हुन्छ, त्यो एकमत भनेको अनुसन्धानको वस्तुपरकता, एकरूपता र समस्यामूलकता हो (कुमार, सन् २०१४, पृ. ७) । यस लेखको उद्देश्य पनि लेखसार लेखनमा एकरूपता खोज्नु नै हो । अनुसन्धानको भाषा पनि प्राज्ञिक लेखनका लागि महत्त्वपूर्ण पक्ष हो । उक्त भाषासम्बन्धी लेखको लेखसारको विश्लेषण पनि यहाँ प्रस्तुत गरिएको छ :


**अनुसन्धानको भाषा**



प्रस्तुत लेखसार अनुसन्धानको भाषा शीर्षकको लेखसँग सम्बन्धित छ । यसमा पनि अनुसन्धानको इटिक दृष्टिकोणका आधारमा हेर्दा अनुसन्धाताले सूचनात्मक सार तयार पारेको देखिन्छ । गुणात्मक प्रकृतिको उक्त लेखमा अनुसन्धानात्मक कार्यको उपलब्धिलाई सङ्क्षेपमा प्रस्तुत गर्न खोजिएको छ । जम्मा ११४ शब्दको सार र १३ शब्दको शब्दसूचीमा संरचित उक्त लेखसार व्याख्यात्मक प्रकृतिको देखिएको छ । व्याख्यात्मक प्रकृतिको उक्त लेखसारमा निर्धारण गरिएको शब्दसङ्ख्या र संरचक तत्वका आधालाई प्राज्ञिक दृष्टिले हेर्दा अति सङ्क्षिप्त प्रकृतिको लेखसार देखिएको छ । अध्ययनको मुख्य पक्ष वा जोडलाई प्राथमिकतामा राखिएको सारले एकैचोटी निष्कर्ष वा प्राप्तिलाई प्रस्तुत गरेको छ भने शब्दको सूची पनि भग्नक्रममा आधारित बढी मात्रामा निर्माण गरेको देखिन्छ । सामान्यतः लेखसारमा सामान्य वर्तमान कालका क्रियाको प्रयोग गरिने भएकाले यस्तो खालको लेखनलाई प्राज्ञिक लेखनको मान्यताले वर्णनात्मक लेखन मान्दछ (वालवर्क, सन् २०११, पृ. १८६) । प्राज्ञिक मान्यताका आधारमा हेर्दा छोटाछोटा वाक्यका संरचना देखिन्छन् भने शब्द चयनमा स्वनिर्धारित निर्णय गरिएको देखिन्छ । जस्तै, पाँचौं र छैठौं वाक्यमा राखिएका सूचना र तिनका क्रिया हेर्दा एउटामा मुख्य क्रिया र सहायक क्रिया एकै डिकोमा तथा अर्कोमा छुट्याएर राखिएकाले अनुसन्धाताको भाषिक पक्षमा स्वघोषणा (Self claim) भएको देखिन्छ । प्राज्ञिक लेखनले त्यस्तो प्रवृत्तिलाई स्वीकार्दैन । यस सारमा अनुसन्धाताले अध्ययनको मुख्य पक्ष (परिचय) पछि अध्ययनको समस्या र उद्देश्य, अध्ययनविधिलाई कतै पनि प्रस्ट रूपमा उल्लेख गरेको देखिँदैन । साथमा लेखको उपयोगितालाई पनि औपचारिक रूपमा किटान गरेर प्रस्तुत गरेको देखिँदैन । शब्द सूचीको सङ्ख्या पनि सारको दाँजोमा अस्वाभाविक देखिन्छ । अनुसन्धानको इमिक दृष्टिकोणका आधारमा हेर्दा यस लेखले प्राज्ञिक लेखनको मान्यतालाई अवलम्बन गर्न सकेको देखिँदैन । यद्यपि सम्बद्ध क्षेत्रमा अनौपचारिक रूपले योगदान पुर्‍याउने आँखाबाट हेर्दा यस लेखसारलाई औसतभन्दा कम स्तरमा राखेर अध्ययन गर्न सकिन्छ ।

### ४.४. भाषिक सक्षमता र परिमाणात्मक लेखसार

भाषिक सक्षमतालाई अध्ययनको चर बनाएर अध्ययन गरिएको लेखको सारका रूपमा कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषा सम्पादन सक्षमताको परीक्षण शीर्षकको लेखसार सम्बन्धित छ । परीक्षण शब्दले नै परिमाणात्मक प्रकृतिको अनुसन्धानलाई दर्शाएको प्रस्तुत लेखसार पनि परिमाणात्मक प्रकृतिको छ । अनुसन्धानको इटिक र इमिक मान्यताका आधारमा हेर्दा यस लेखसारले परिमाणात्मक लेखसारका अधिकांश पक्षलाई समेटेको देखिन्छ । समग्रमा प्रस्तुत शीर्षकमा संरचित लेखसारलाई यहाँ विश्लेषण गरिएको छ :




**कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषा सम्पादन सक्षमताको परीक्षण**

**लेखसार**

*प्रस्तुत लेख कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषा सम्पादन सक्षमताको परीक्षणसँग सम्बन्धित छ । यस अध्ययनमा काठमाडौं जिल्लाको कक्षा १० मा अध्ययनरत ४० जना विद्यार्थीलाई नमुनाको रूपमा लिइएको छ । लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिलाई आधार बनाई तथ्याङ्कशास्त्रीय विधिद्वारा व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । विद्यार्थीको सक्षमतालाई विषयवस्तुको सङ्गठन, भाषा र व्याकरण, शब्दचयन र पुनरावृत्ति, प्रस्तुतीकरण, प्रारूप र शैली तथा स्पष्टताका आधारमा अङ्कन गरी परीक्षण गरिएको छ । समग्रमा विद्यार्थीको भाषा सम्पादन सक्षमता ५०.६२ प्रतिशत रहेको छ । छात्रा, पहिलोभाषी र संस्थागत विद्यालयका विद्यार्थीको भाषा सम्पादन राम्रो रहेको देखिन्छ । स्पष्टता, विषयवस्तुको सङ्गठन र भाषा तथा व्याकरणमा विद्यार्थीको सक्षमता पनि मध्यम स्तरको देखिए पनि शब्दचयन र पुनरावृत्ति (४१.८७%) तथा प्रस्तुतीकरण, प्रारूप र शैलीमा भने कमजोर देखिएको छ । यसर्थ विद्यार्थीले लेख्य सामग्रीको पुनः परिष्कार, पुनः परिमार्जन र सम्पादन गर्न सक्ने सीपको विकास गर्न आवश्यक रहेको तथ्य पुष्टि हुन्छ । यस अध्ययनले भाषा सम्पादन सक्षमताप्रति चासो राख्ने सम्पूर्ण सरोकारवालालाई सहयोग पुग्ने विश्वास लिइएको छ ।*


***विशेष शब्दावली*** *: भाषा, परीक्षण, प्रारूप, सक्षमता, सम्पादन ।*

माथिको लेखसार परिमाणात्मक प्रकृतिको लेखसार हो । कक्षा दशमा अध्ययनरत विद्यार्थीको भाषा सम्पादन सक्षमताको परीक्षण नामक लेखको उक्त सारको शीर्षक चयन र अध्ययनको मुख्य पक्षमा नै शब्दगत पुनरावृत्त गरेर प्राज्ञिक लेखनको धर्म निभाएको देखिएको छ । जम्मा १३७ शब्दको सार तथा पाँच शब्दको शब्दसूचीमा संरचित उक्त लेखमा लेखसारको तत्त्वगत चर्चाको शृङ्खला मिलेको देखिन्छ । प्राज्ञिक लेखनको मान्यताअनुसार लेखसारका तत्त्वहरूमा अध्ययनको मुख्य पक्ष, समस्या र उद्देश्य, विधि, नतिजा र उपयोगिता गरी पाँच कुरालाई समेट्नुपर्ने हुन्छ (बिगम, सन् २०१६, पृ. १६९)। यस लेखसारमा पनि अध्ययनको मुख्य पक्ष वा केन्द्र, अध्ययनविधि, निष्कर्ष वा प्राप्ति र उपयोगितालाई प्रस्ट रूपमा प्रस्तुत गरिएको छ। नतिजामा पनि परिमाणात्मक तथ्य (अङ्क र प्रतिशत)लाई निष्कर्षात्मक रूपमा प्रस्तुत गरिएको देखिन्छ । सूचक शब्दमा पनि पाँचवटा शब्दको भग्नक्रमको सूचीको निर्माण गरिएको छ। लेखसारको मान्यताअनुसार प्रस्तुत लेखमा अध्ययनको समस्या र उद्देश्य तथा शब्दक्रमको सूचीमा क्रमभङ्गता मात्रैमा समस्या देखिएको छ । उक्त संरचनाको लेखसार अति सङ्क्षिप्त रूपको देखिए तापनि उक्त लेखसारलाई औसतभन्दा माथिल्लो स्तरमा राखेर अध्ययन गर्न सकिन्छ। राखिएका तत्त्वका बिचको शृङ्खला मिलेको र ती हरेक तत्त्वका बिचको पूर्वापुर सम्बन्ध पनि वस्तुगत देखिएकाले यस लेखसारलाई व्यवस्थित लेखसारका रूपमा लिन सकिन्छ ।

## ४.५. सैद्धान्तिक लेख र गुणात्मक लेखसार

सिद्धान्तको व्याख्या गरी प्रवृत्तिगत अध्ययन गरिएका लेखहरू सैद्धान्तिक तथा व्याख्यात्मक प्रकृतिका हुन्छन् । उक्त प्रकारका लेखले बढी मात्रामा सूचना प्रसार गर्दछन् । सैद्धान्तिक तथा असंरचित प्रकृतिका लेखसारहरू सामान्यतः २५० शब्दसम्मका हुन्छन् (वालवर्क, सन् २०११, पृ. १७९) । सैद्धान्तिक लेखमा

राखिएका सारहरू विषयको वर्णनमा नै केन्द्रित हुन्छन् । यहाँ सैद्धान्तिक व्याख्या गरी प्रवृत्तिगत अध्ययन गरिएको लेखसारको विश्लेषण गरिएको छ :


**समकालीन नेपाली कवितामा यथार्थवादी धारा**

**लेखसार**

यो लेख नेपाली कविताको विकासप्रक्रियाको विश्लेषणसँग सम्बन्धित रहेको छ । नेपाली कविताको विकासप्रक्रियाका अध्ययनका सन्दर्भमा वि.सं. २०३६ को सडक कविताक्रान्तिपछिको समयावधिलाई समसामयिक युग नामकरण गरिएको पाइन्छ । कुनै एक प्रवृत्तिले स्थिरता प्राप्त गरिनसकेका अवधिमा कालिक सन्दर्भलाई आधार बनाई यस किसिमको नामकरण गर्नु सान्दर्भिक देखिए पनि निश्चत प्रवृत्तिको स्थिरीकरणसँगै कुनै वस्तुगत नाम दिनु वैज्ञानिक हुन्छ । यही सन्दर्भमा वि.सं. २०३६ भन्दा पछिको नेपाली कवितामा केकस्ता प्रवृत्तिहरू देखापरेका छन् र प्रवृत्तिगत दृष्टिले यस अवधिलाई के नाम दिनु उपयुक्त हुन्छ भन्ने मूल समस्यामा केन्द्रित रही यो लेख तयार पारिएको छ । यसका लागि यस लेखमा यस चरणका धेरै कविताहरूलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा र नेपाली कविता तथा यसको समसामयिक युगका बारेमा गरिएका विश्लेषणहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ । गुणात्मक अनुसन्धानका ढाँचामा केन्द्रित रही तयार पारिएको यस लेखमा विशेष गरी सूक्ष्म पठन तथा विश्लेषण विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ । यस चरणका कविताहरू मूलतः वस्तुयथार्थका अभिव्यञ्जनामा केन्द्रित रहेका हुनाले प्रवृत्तिगत दृष्टिले यस अवधिलाई यथार्थवादी युग नामकरण गर्नु वैज्ञानिक हुने निष्कर्षलाई यस लेखले अगाडि सारेको छ । नेपाली कविताको पछिल्लो चरणलाई प्रवृत्तिगत दृष्टिले वैज्ञानिक रूपमा यथार्थवादी युग भनेर नामकरण गर्नु यस लेखको प्राप्ति तथा प्राज्ञिक योगदान रहेको छ ।

*शब्दकुञ्जी:* आधुनिकता, उत्तरआधुनिक, परवर्ती, यथार्थवाद, समसामयिक



माथिको लेखसार नेपाली कविताको सिद्धान्तको व्याख्या गरी प्रवृत्तिको अध्ययन गर्नमा केन्द्रित छ । विषयको मुख्य पक्ष वा परिचयबाट सुरुवात गरिएको उक्त लेखाइ व्यवस्थित प्रकृतिको नै देखिन्छ । अनुसन्धाताको इटिक दृष्टिकोणअनुसार हेर्दा संरचनाका दृष्टिले शृङ्खलित लेखाइ देखिन्छ । व्याख्यात्मक प्रकृतिको सार लेखाइका कारण पनि सैद्धान्तिक लेखको संरचना सरल बनेको हुनसक्छ । साथै गुणात्मक प्रकृतिको विज्ञसमीक्षित लेख भएकाले प्रस्तुत लेखसारमा विषयको विश्लेषणलाई बढी जोड दिएको देखिन्छ। अध्ययनको कारण तथा समस्यालाई पनि किटान नै गरिएको उक्त लेखाइमा गुणात्मक अनुसन्धान ढाँचालाई अपनाइएको भनी उल्लेख गरिएको छ । अध्ययनको निष्कर्षलाई समेटिएको उक्त लेखमा अध्ययनको योगदान वा उपयोगितालाई पनि प्रस्ट रूपमा प्रस्तुत गरिएको देखिन्छ । जम्मा १७५ शब्दको सार र पाँच शब्दको सूचीलाई प्रस्तुत गरिएको उक्त सामग्रीमा नेपाली कविताको यर्थाथवादी धारामा देखिएका प्रवृत्तिलाई प्रस्तुत गर्न प्रथम तथा द्वितीयक दुवै प्रकृतिका सामग्रीलाई अपनाइएको देखिन्छ । सैद्धान्तिक लेख भएकाले सामग्रीको पठन विधिलाई बढी मात्रामा अपनाइए तापनि प्राज्ञिक लेखनको भाषाका दृष्टिले वर्तमानकालिक क्रियाका वाक्यको प्रयोग तथा शब्दसूचीमा पनि वर्णानुक्रमको स्थितिलाई अपनाइएको देखिन्छ । यसरी हेर्दा प्रस्तुत लेखसारलाई संरचनाका दृष्टिले उत्कृष्ट किसिमको लेखसारका रूपमा हेरिन्छ । संरचनात्मक ढाँचाका आधारमा हेर्दा प्रचलनमा रहेका हरेक तत्त्वलाई सम्बोधन गरी संयोजन गरिएको देखिन्छ भने आयामका आधारमा हेर्दा मध्यम स्तरको देखिन्छ । सैद्धान्तिक प्रकृतिको भएकाले समीक्षात्मक पद्धतिलाई अपनाइएको पक्ष भने एकाङ्गी जस्तो देखिन्छ । यद्यपि प्राज्ञिक लेखनको मान्यताअनुसार प्रस्तुत लेखसार तत्त्वगत दृष्टिमा उत्तम लेखाइमा बाँधिएको सारका रूपमा प्रस्तुत गरिएको छ ।

## ५· अध्ययनको प्राप्ति

प्रस्तुत गरिएका पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचयमा उल्लेख गरिएका सामग्रीको मान्यताका आधारमा सङ्कलित सामग्रीको विश्लेषण गरिएको छ । हाइलैन्ड (सन् २००७) ले एउटा लेखलाई प्राज्ञिक बनाउनका लागि एब्स्ट्राक्ट वा लेखसारको ठुलो भूमिका हुने तथा एउटा प्राज्ञिक लेखको सार खण्डमा परिचय, उद्देश्य, विधि, नतिजा र निष्कर्षलाई अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्ने बताएका छन् । उनकै विचारका आधारमा प्राज्ञिक क्षेत्रमा अनुसन्धानात्मक लेखसारको विश्लेषण एक गहन र चुनौतीपूर्ण कार्य ठानिन्छ । यस अध्ययनमा पनि प्राज्ञिक लेखनका मान्यताअनुरूप बनाइएको विश्लेषणको ढाँचा वा अवधारणात्मक ढाँचाका आधारमा विश्लेषण गर्दा नमुना छनोटमा परेका पाँचवटा लेखका सारहरू विज्ञसमीक्षित लेखका सारहरू थिए भने ती सबै लेखहरू विभिन्न समयमा विभिन्न जर्नलमा प्रकाशित भएका थिए । गुणात्मक तथा परिमाणात्मक दुवै प्रकृतिका लेख छानी उक्त लेखमा प्रस्तुत गरिएको अनुसन्धान सार वा आमुखको संरचना पक्षलाई विश्लेषणको आधार बनाइएको थियो । हरेक लेखसारलाई प्राज्ञिक लेखनको मान्यताका आधारमा विश्लेषण गर्दा अधिकांश लेखसारहरू औसत प्रकृतिका देखिएका छन् । जम्मा पाँचवटा लेखसारमध्ये तीनवटाले अध्ययनको मुख्य पक्षपछि समस्या र उद्देश्यलाई प्रस्तुत नगरी अध्ययनविधिलाई प्रस्तुत गरेका छन् भने दुईवटा लेखसारले अध्ययनको पक्ष र समस्या तथा उद्देश्यलाई शृङ्खलाबद्ध रूपमा नै प्रस्तुत गरेका छन् । यसैगरी जम्मा पाँचवटा लेखमध्ये दुईवटाले अध्ययनविधिलाई उल्लेख गरेका छन् भने तीनवटाले अध्ययनविधिलाई उल्लेख गरेका छैनन् । यसैगरी दुईवटा लेखसारले आफ्नो लेखको उपयोगिता तथा योगदानलाई पनि जोडेका छन् भने तीनवटा लेखले उपयोगिता तथा योगदानलाई जोडेको देखिँदैन । अझ एउटा लेखसारले त अध्ययनको मुख्य पक्षमा नै एकैचोटी निष्कर्ष जोडेको र शीर्षकको समीक्षा पनि प्रस्ट रूपमा प्रस्तुत गरेको देखिँदैन भने एउटा लेखले चाहिँ प्राज्ञिक लेखनको मान्यताअनुसार विषयको परिचय, समस्या र उद्देश्य, अध्ययनविधि, निष्कर्ष तथा प्राप्ति र उपयोगितालाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गरेको देखिएको छ । जम्मा पाँचवटा लेखसारमध्ये एउटा चाहिँ परिमाणात्मक लेखको सार थियो भने अरु चारवटा भने गुणात्मक प्रकृतिका लेखका सार थिए । गुणात्मक प्रकृतिका चारवटा नै लेखसारहरू सैद्धान्तिक र समीक्षात्मक प्रकृतिका लेखका सार थिए तर परिमाणात्मक लेखको सार भने अनुभवजन्य (इम्पिरिकल) लेखको सार थियो । प्रस्तुत लेखमा छानिएका हरेक लेखसारका विषय फरकफरक थिए । ती हरेक लेखसारहरू प्राज्ञिक लेखनको उद्देश्यलाई पूरा गर्नका लागि नै तयार पारिएका हुन सक्छन् । सोही आशयबमोजिम मूल्याङ्कन गर्दा पनि प्रस्तुत गरिएका लेखसारले भाषिक अनुसन्धानका क्षेत्रका विषयलाई प्रतिनिधित्व गरेका छन् ।

## ६· निष्कर्ष

प्रस्तुत लेखमा नेप्जोलमा प्रकाशित जम्मा पाँचवटा नेपाली अनुसन्धानात्मक लेखसारको व्यवस्थित विश्लेषण गरिएको थियो । उक्त विश्लेषणमा लेखसारको सर्वव्यापी मान्यताका आधारमा निर्माण गरिएको विश्लेषणको ढाँचालाई आधार बनाइएको थियो । लेखसारको सर्वव्यापी मान्यताअनुसार यसको संरचनामा अध्ययनको मुख्य वा जोड दियाइ (विषय पृष्ठभूमि), अध्ययनको समस्या र उद्देश्य,

अध्ययनविधि, अध्ययनको निष्कर्ष र अध्ययनको उपयोगिता र योगदान गरी जम्मा पाँचवटा तत्त्व रहेका हुन्छन् । उक्त संरचक तत्त्वका आधारमा प्राज्ञिक ढाँचालाई अध्ययनको वस्तु बनाइएकाले अधिकांश लेखसारहरू संरचनाभन्दा बाहिर रहेर तयार पारिएको पाइयो । कसैले अध्ययनको पक्ष र निष्कर्षमात्र राखेको पाइयो भने कसैले अध्ययन पक्ष, अध्ययनविधि र निष्कर्ष राखेको पाइयो । त्यसैगरी कसैले अध्ययनको पक्ष, समस्या, अध्ययनविधि र निष्कर्ष राखेको तर उपयोगितलाई उल्लेख नै नगरिएको पाइयो । सबै लेखसारको उद्देश्य भनेको प्राज्ञिक लेखनको वस्तुपरक उद्देश्य पूरा गर्नु रहेको थियो । समग्र पक्षको प्राज्ञिक विश्लेषण गर्दा हरेक लेखसारमा प्रयोग गरिएको शब्द सङ्ख्या, शब्दसूचीको प्रयोग गराइमा विविधता पाइयो । कुनै पनि लेखमा एकरूपता भेटिएन । शब्दसूची निर्माणमा पनि अनुसन्धाताअनुसार फरकफरक प्रयोग गरिएको पाइयो। प्रस्तुत अध्ययपश्चात अनुसन्धानात्मक लेखसारको संरचनामा अध्ययनको पृष्ठभूमि, अध्ययनको समस्या र उद्देश्य, अध्ययनविधि, अध्ययनको प्राप्ति वा नतिजा, अध्ययनको योगदान तथा उपयोगितालाई आधार मान्नुपर्ने देखिन्छ । त्यसैगरी शब्दसूची निर्माणलाई दर्शाउने शब्द प्रयोगमा पनि व्यक्तिपिच्छे फरकफरक शब्दावली प्रयोग गरिएको पाइएकाले प्राज्ञिक लेखनको सर्वव्यापी मान्यताअनुसार १५० देखि ३०० शब्दसम्मको सार र बढीमा पाँच शब्दसम्मको शब्दसूचीको निर्माण गर्दा धेरैमात्रामा एकरूपता हुने देखिन्छ । शब्द प्रयोगको पुनरावृत्ति रहने कुरामा बढीमा तीनपटक मात्र दोहोर्‍याएको मान्य हुने (वालवर्क, सन् २०११) कुरा प्रस्तुत गरिन्छ । सबै अनुसन्धातालाई मान्य हुने र प्राज्ञिक लेखनको मान्यताले स्विकारेको शब्दावलीका रूपमा सूचक शब्द पदावलीको प्रयोग गर्न उपयुक्त हुने देखिन्छ । लेखसारलाई अनुसन्धानात्मक कार्यको अनिवार्य र महत्त्वपूर्ण अङ्ग भएकाले पनि धेरैमात्रामा अभ्यास गराउनुपर्ने देखिन्छ । तसर्थ उक्त क्षेत्रमा यस लेखको पनि प्रस्ट उपयोगिता रहेको देखिन्छ ।

## सन्दर्भसामग्री सूची

एलेक्जेन्ड्राभ, डब्लु.अने र हेनेरिक, मिचेल (सन् फेब्रुअरी, ७ सन् २००७), राइटिङ् गुड एब्स्ट्राक्ट्स्, https:// www.researchgate.net/publication/6601950

कुमार, रञ्जित (सन् २०१४), रिसर्च मेथोडोलोजी (तेस्रो संस्क.), सेज ।

क्रस्वेल, जे. डब्लु. (सन् २००५), *एजुकेसनल रिसर्च : प्लानिङ्, कन्डक्टिङ्, एन्ड इभालुएटिङ् क्वान्टिटेटिभ एन्ड क्वालिटेटिभ रिसर्च,* अपर स्याडल रिभर, न्यू जर्सी ।

क्रस्वेल, जे. डब्लु. र क्रस्वेल, डि.जे. (सन् २०२३), *रिसर्च डिजाइन : क्वान्टिटेटिभ, क्वालिटेटिभ एन्ड मिक्स् अप्रोचेज* (छैठौं संस्क.), सेज ।

खनाल, पेसल (२०७८), *शैक्षिक अनुसन्धान पद्धति* (चौथो संस्क.), सनलाइट पब्लिकेसन ।

गल्भान, जे.एल. र गल्भान, एम.सि. (सन् २०१७), राइटिङ् लिटेरेचर रिभ्यु : अ गाइड फर स्टुडेन्ट्स् अफ द सोसल एन्ड बिहाभिअरल साइन्सेस् (तेस्रो संस्क.), *ग्लेन्डल, सिए*, पाइजाक पब्लिसिङ् । https://doi.org/10.4324/9781315229386

गार्सिया, एस्. र फोमबोना, जे.(सन् २०१५), *अप्रोच टु द फेनोमेनन अफ एम लर्निङ् इन इङ्लिस*

*टिचिङ,* डिजिटल एजुकेसन रिभ्यु, भो.२८, पृ.पृ.१९–३६।

चेन, डि.टि.भि., वाङ, वाइ.एम. एन्ड लि, डब्लु.सि. (सन् २०१६), च्यालेन्जेज कन्फ्रन्टिङ् बेगिनिङ् रिसर्चर्स इन कन्डक्टिङ् लिटरेचर रिभ्युज, *स्टुडेन्ट्स् इन कन्टिन्युङ् एजुकेसन, ३८*(१), पृ.पृ.४७–६० ।

थम्प्सन, पि.(सन् २००४), रिसर्चिङ् फेमिली एन्ड सोसल मोबिलिटी विथ टु आइज : सम एक्पेरियन्सेस अफ द इन्टराक्सन बिट्विन क्वालिटटेटिभ एन्ड क्वालिटेटिभ डाटा, इन्टरनेसनल जर्नल अफ सोसल रिसर्च मेथोडोलोजी, ७ (३), पृ. २३७–२५७ ।

द युनिभर्सिटी अफ मेल्बर्न (सन् २०१०), राइटिङ् एन एब्स्ट्राक्ट्स : अन्डरस्ट्यान्डिङ् एन्ड डेभलपिङ् एब्स्ट्राक्ट्स् http://www.unc.edu/depts/wcweb/handouts/abstr acts.html )

देना, टि. (सन् २०१३), *द लिटरेचर रिभ्यु : अ फिउ टिप्स् अन कन्डक्टिङ् इट,* हेल्थ साइन्सेज राइटिङ् सेन्टर, युनिभर्सिटी अफ टोरोन्टो ।

पन्त, प्रेम आर. (सन् २०१६), *सोसल साइन्स् एन्ड थेसिस राइटिङ्* (सातौं संस्क.), बुद्ध पब्लिकेसन ।

फर्यादी, क्यु.(सन् २०१८), पिएचडी थेसिस राइटिङ् प्रोसेस : अ सिस्टेमेटिक अप्रोच, हाउ टु राइट योर इन्ट्रोडक्सन, क्रियटिभ एजुकेसन, ९,पृ.पृ.२५३४–२५४५ ।

बन्दरा, बि.इ.इस् (नोभेम्बर, सन् २०१७), राइटिङ् रिसर्च एब्स्ट्राक्ट्स्, : https://www.researchgate.net/publication/321758797

बन्धु, चूडामणि (२०७५), *अनुसन्धान तथा प्रतिवेदन लेखन* (पुनर्मुद्रण), रत्न पुस्तक भण्डार ।

बिगम, जोन (सन् २००८), *सक्सेडिङ् विथ योर मास्टर्स डेजर्टेसन्,* ओपन युनिभर्सिटी प्रेस ।

बुथ, सि.वाइने र अन्य (सन् २०१६), *द क्राफ्ट अफ रिसर्च* (चौथो संस्क.), युनिभर्सिटी अफ सिकागो प्रेस ।

भण्डारी, पारसमणि, पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७६), *अनुसन्धान विधि* (दोस्रो संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

मार्को, पि., र बोर्ने, पि.इ.(सम्पा.) (सन् २०१३), *प्लस कम्पुट बायल,* ९, पिएमसि, ३७१५४४३ ।

रिउहर्न, एस.(सन् २०१८), राइटिङ् योर सक्सेसफुल लिटेरेचर रिभ्यु, *जर्नल अफ ज्योग्राफी इन हाइयर एजुकेसन,* ४२, पृ.पृ.१४३–१४७ ।

लेकी, आइरोना (सन् २०१०), *एकाडेमिक राइटिङ,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

वालवर्क, एड्रियन (सन् २०११), *इङ्लिस फर राइटिङ् रिसर्च पेपर्स,* स्प्रिङ्गर ।

सिरिसिला, स्रुतिका (जुलाइ २५, सन् २०२३), रोल अफ एन एब्स्ट्राक्ट इन रिसर्च पेपर विथ एक्जाम्पल्स्,

सेसाइल, बादेन्होर्स्ट (सन् २०१८), साइटेसन प्राक्टिसेस अफ पोस्टग्राजुएट स्टुडेन्ट्स् राइटिङ् लिटरेचर रिभ्युज, *लन्डन रिभ्यु अफ एजुकेसन,* https://doi.org/10.18546/LRE.16.1.11 Volume 16, Number 1.

हफ, एने सिगिस्मन्ड (सन् १९९८), *राइटिङ् फर स्कोलर्ली पब्लिकेसन*, सेज पब्लिकेसन ।

हाइलैन्ड, केन (सन् २००९), *टिचिङ् एन्ड रिसर्चिङ् राइटिङ् (दोस्रो संस्क.)*, लङ्म्यान इन एन एम्पिरिट ।

हाउके, रोगर (सन् २००६), *स्टडिज् ल्याङग्वेज टेस्टिङ् : थ्यौरी एन्ड प्राक्टिस्*, क्याम्ब्रिज युनिभर्सिटी एन्ड प्रेस ।

हार्टनेट, जि. क्यारोलिन (सन् १९७८), *मिजरिङ् राइटिङ् स्किल्स्, कजेल अफ दि मेनलैन्ड*, टेक्सास सिटी ।